आ.व. २०७९।८० को १४ औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १८ औं कार्यपालिकाका बैठकको उपस्थितीहरु:

**बैठक संख्या: २०७९।०८०-०१४**

बैठक: वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङको गाउँ कार्यपालिकाको बैठक ।
मिति र समय: वि. स. २०८० साल असार ०७ गते विहीबार दिउँसोको ११ बजेदेखी सुरु ।
अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री रिङजीन नामगेल गुरुङ ज्यू, ।
स्थान: गाउँ कार्यपालिकाको कार्यालय, कागवेनी, मुस्ताङ ।

| उपस्थित पदाधिकारीहरु | | | | |
|---|---|---|---|---|
| क स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
| १ | श्री रिङजीन नामगेल गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष | | |
| २ | श्री ढिकी गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री होम बहादुर थापा मगर | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत | | |
| ४ | श्री प्रमेश गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न १ वडाअध्यक्ष एंव सदस्य | | |
| ५ | श्री न्होरु गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न २ वडाअध्यक्ष एंव सदस्य | | |
| ६ | श्री विनोद गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ३ वडाअध्यक्ष एंव सदस्य | | |
| ७ | श्री कर्म घ्यचो गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ४ वडाअध्यक्ष एंव सदस्य | | |
| ८ | श्री सुरेन्द्र गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ५ वडाअध्यक्ष एंव सदस्य | | |
| ९ | श्री मन कुमारी कामी | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | मनकुमारी | |
| १० | श्री ल्हाक्चोम गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | ल्हाक्चोम | |
| ११ | श्री कुन्जाङ्मो गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री मुनु दमाई | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | मुनु | |
| १३ | श्री ल्हम्डे गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |

| सहयोगी राष्ट्रसेवक कर्मचारीहरु | | | | |
|---|---|---|---|---|
| क.सं. | नाम थर | कार्यालय / पद | हस्ताक्षर | कैफियत |
| १४ | श्री जनार्दन आचार्य | वरिष्ठ कविराज निरीक्षक सातौं, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १५ | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १८ | श्री प्रेम प्रसाद भट्टराई | सूचना अधिकारी, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १९ | श्री देवेन्द्र बहादुर थापा | प्रशासन शाखा प्रमुख, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| २१ | श्री रोशनी नेपाली | का.स. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | रोशनी | |

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

**प्रस्तावहरु:-**

मितिः २०८० असार ०७ गतेको बसेको कार्यपालिकाको १४ औं बैठक।
बैठक संख्याः २०७९।०८०-०१४
समयः दिउँसोको ११:०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरु:**

२०७९।०८०-०१४।०१ अघिल्लो बैठंकको समीक्षा सम्बन्धमा ।

२०७९।०८०-०१४।०२ वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको भेरिएसन आदेश सम्बन्धमा।

२०७९।०८०-०१४।०३ कागवेनी ढल निर्माण योजनाको अन्तिम भुक्तानी सम्बन्धमा।

२०७९।०८०-०१४।०४ घाताङथाङ्का सिंचाई योजनाको भेरियसन आदेश(VO) सम्बन्धमा।

२०७९।०८०-०१४।०५ हाते ट्रयाक्टर खरिद प्रक्रिया अन्तर्गत मालसामानको निरीक्षण निरीक्षण प्रयोजनार्थ प्राविधिक सहयोगको खर्च सम्बन्धमा।

२०७९।०८०-०१४।०६ दलित स्तरोन्नती कार्यक्रम वडा नं. ३ खर्च लेखाङ्कन सम्बन्धमा।

२०७९।०८०-०१४।०७ साङ्ता सोलार मिनिग्रिड पावर हाउस निर्माण योजनाको खर्च लेखाङ्कन सम्बन्धमा।

२०७९।०८०-०१४।०८ जननर्मल मा.वि. छुसाङको छात्रावास भवन निर्माण योजनाको भेरियसन आदेश सम्बन्धमा।

२०७९।०८०-०१४।०९ सौर्य वत्ति खरिद गरी वितरण गर्ने सम्बन्धमा।

२०७९।०८०-०१४।१० विभिन्न योजनाहरुको डि.पि.आर., प्रथम आवधिक योजना र आई.ई.ई प्रतिवेदन स्वीकृत सम्बन्धमा।

२०७९।०८०-०१४।११ विविध सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं ।२०७९।०८०-०१४।०१**

प्रस्ताव नं २०७९।०८०-०१४।०१ माथी छलफल गर्दा अघिल्लो मिति २०८०।०२।३२ गते बसेको कार्यपालिकाको बैठकको समीक्षा गरियो ।

**निर्णय नं. २०७९।०८०-०१४।०२**

प्रस्ताव नं. २०७९।०८०-०१४।०२ माथी छलफल चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. ५ फल्याक वडा कार्यालय भवन

निर्माण(Construction of Ward Office Building of Ward Office 5 ठेक्का नं. 06/VMRM/NCB/Works/2079/80 अन्तर्गत श्री खिङ्गा कन्सट्रक्सन र यस कार्यालय विच २०७९/११/२१ गतेको सम्झौता वमोजिमको लागत अनुमानमा डण्डी(Reinforcement) को परिमाण प्रतिशतको आधारमा लागत अनुमान तयार गरिएको हुँदा डण्डीको अनुमानित परिमाण अपुग हुने भनी मिति २०८०/०३/०६ गते श्री खिङ्गा कन्सट्रक्सनको माग निवेदन उपर वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालय, प्राविधिक शाखाले अध्ययन गर्दा निर्माण व्यवसायीको माग अनुसारको भेरियसन आदेश (VO) जारी गर्न मनासिव देखिएको भनि प्राप्त तपशिल अनुसारको प्राविधिक राय अनुसार ४.९१%(कवोल अंकको) ले हुन आउने रकम रु २,०१,९७८.२(अक्षरुपी दुई लाख एक हजार नौ सय अठहत्तर रुपैया बिस पैसा मात्र) उक्त निर्माण कार्यका लागी भेरियसन आदेश (VO) स्वीकृत गर्ने निर्णय गरियो।

तपशिल:

Regd.No.206202/075/076

**श्री खिङ्गा कन्स्ट्रक्सन प्रा. लि.**
२०७५
मुक्तिनाथ-१, मुस्ताङ, नेपाल

**Shree Khinga Construction (P.) Ltd.**
2075
Muktinath-1, Mustang, Nepal

E-mail: lhakpatashig@gmail.com Tel :9847670255, 9847670296,9805102110

Date: २०८०।०३।०६

श्रीमान् कार्यालय प्रमुख ज्यू
वारागुङ मुक्ति क्षेत्र गाउँपालिका
मुस्ताङ - कागबेनी

विषय: भि.ओ. गरिदिने बारे। (V.O)

महोदय,

उपरोक्त विषयमा सम्बन्धमा यस बारागुङ मुक्ति क्षेत्र गा.पा. वार्ड नं. ५ [illegible] कार्यालय बनाउने, [illegible] सम्झौता बमोजिमको कार्य [illegible] उक्त कार्यको लागि [illegible] गरिदिनु हुन अनुरोध छ। निवेदन [illegible]

निवेदक
[illegible]
ल्हाक्पा ताशी गुरुङ
[illegible]

VARAGUNG MUKTICHHETRA RURAL MUNICIPALITY

OFFICE OF RURAL MUNICIPALITY EXECUTIVE

Kagbeni, Mustang

**Detail Estimate for Variation**

**Project Name :-Ward Office Building Construction**

**Location :- Varagung Muktichhetra Ga. Pa. - 5 Falyak, Mustang**

| S.N. | Description of work | Nos | Mul. | Length | Sp. Weight | Quantity | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | **Providing and laying reinforcement including cutting, bending, binding, fixing in position all complete as per specification and drawing.** | | | | | | |
| A | footing | | | | | | |
| | Longitudinal Bar 12mm | 20 | 10 | 1.71 | 0.89 | 304.38 | |
| | Transverse Bar 12mm | 20 | 10 | 1.71 | 0.89 | 304.38 | |
| B | Column | | | | | | |
| | Vertical Bar 16mm | 20 | 4 | 5.42 | 1.58 | 685.088 | |
| | Vertical Bar 12mm | 20 | 4 | 5.24 | 0.89 | 373.088 | |
| | Stirrups(8mm ) | | | | | | |
| | Long Stirrups | 20 | 31 | 1.21 | 0.40 | 300.08 | |
| | Short Stirrups | 20 | 31 | 1.00 | 0.40 | 248 | |
| C | Beam | | | | | | |
| | Plinth Beam 12mm | | | | | | |
| | Long wall | 4 | 4 | 17.19 | 0.89 | 244.76 | |
| | Short wall | 5 | 4 | 14.44 | 0.89 | 257.00 | |
| | Stirrups(8mm ) | | | | | | |
| | Long wall | 4 | 110 | 1.15 | 0.40 | 202.40 | |
| | Short wall | 5 | 91 | 1.15 | 0.40 | 209.30 | |
| | FFL Beam 12mm | | | | | | |
| | Long wall | 4 | 4 | 17.19 | 0.89 | 244.76 | |
| | Short wall | 3 | 4 | 14.44 | 0.89 | 154.20 | |
| | Short wall | 2 | 4 | 8.62 | 0.89 | 61.35 | |
| | Stirrups(8mm ) | | | | | | |
| | Long wall | 4 | 110 | 1.15 | 0.40 | 202.40 | |
| | Short wall | 3 | 91 | 1.15 | 0.40 | 125.58 | |
| | Short wall | 2 | 48 | 1.15 | 0.40 | 44.16 | |
| D | Slab | | | | | | |
| | Left side | | | | | | |
| | Longitudinal Bar 8mm(T/B) | 1 | 64 | 17.26 | 0.40 | 441.91 | |
| | Transverse Bar 8mm(T/B) | 1 | 228 | 5.06 | 0.40 | 461.65 | |
| | Right Side | | | | | | |
| | Longitudinal Bar 8mm(T/B) | 1 | 64 | 17.26 | 0.40 | 441.91 | |
| | Transverse Bar 8mm(T/B) | 1 | 228 | 4.91 | 0.40 | 447.97 | |
| | Centre Portion | | | | | | |
| | Longitudinal Bar 8mm(T/B) | 1 | 60 | 5.83 | 0.40 | 139.97 | |
| | Transverse Bar 8mm(T/B) | 1 | 76 | 4.76 | 0.40 | 144.76 | |
| | Centre Portion | | | | | | |
| | Longitudinal Bar 8mm(T/B) | 1 | 70 | 5.83 | 0.40 | 163.30 | |
| | Transverse Bar 8mm(T/B) | 1. | 76 | 5.37 | 0.40 | 163.31 | |
| | | | | | Total | 6365.691 | |
| | | | | | Boq | 5019.17 | |
| | | | | V.O. in quantity | | 1346.52 | 26.83% |
| | | | | V.O. in Amount | | 201978.2 | 4.91% |

निर्णय नं ७९।०८०-०१४।०३

प्रस्ताव नं. २०७९।०८०-०१४।०३ माथी छलफल गर्दा चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत कागवेनी ढल निर्माण योजना ठेक्का नं. 10/VMRM/NCB/WORKS079/80 Procurement for Sewage Construction at Kagbeni अन्तर्गत श्री अमेपल कन्सट्रक्सन र यस कार्यालय विच मिति २०७९/११/२३ मा भएको सम्झौता र यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यपालिकाको मिति २०८०/०१/१० गतेको कार्यपालिकाको निर्णय नं. २०७९/८०-०१०/०३ को निर्णयानुसार सञ्चालन गरिएको उक्त निर्माण कार्यको कार्यालयको प्राविधिक नापजाँच, मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार उक्त निर्माण कम्पनीसंग कार्यालयले गरेको सम्झौता अनुसारको सम्झौतासंग तुलना गर्दा तपशिल अनुसार कम(घटि) हुन आउने रकम २४.५४% वा रु ११,८१,१५७.५(अक्षरुपी एघार लाख एकासी हजार एक सय सन्ताउन्न रुपैयाँ पचास पैसा मात्र) बराबरको भेरियसन आदेश (VO) स्वीकृत गर्ने सोहि अनुसार आवश्यक कारबाही गर्ने गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपशिलः

**AME PAL CONSTRUCTION PVT. LTD**
**Kagbeni, Mustang**

PAN No: 302846205

मितिः- २०८०।०१।०३

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,
कागबेनी, मुस्ताङ।

विषयः- जानकारी गराईएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको ठेक्का नं. 10/VMRM/NCB/Works/2079/80 कागबेनी ढल व्यवस्थापन निर्माण कार्यको तहाँ कार्यालय र अमे पल कन्सट्रक्सन प्रा. ली. बिचमा मिति २०७९।११।२३ मा सम्झौता भई मिति २०७९।११।२३ को कार्यआदेश अनुसार उक्त ढल निर्माण कार्य गर्ने क्रममा स्थानीयबासीको घरजग्गामा ठुलो क्षति पुग्ने अवस्था देखिएको हुदाँ सम्झौता पत्रमा उल्लेख भए बमोजिम प्राविधिक लागत इष्टिमेट अनुसार कार्य गर्न नसकेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिन नसकिने भएकोले सो सम्बन्धित स्थलगत प्राविधिक अध्ययन प्रतिबेदन १ थान समेत यसै पत्र साथ पेश गरिएकोले आवश्यक सहजिकरण गरि दिनु हुन सादर अनुरोध छ।

निवेदक

प्रो. फेन्चोक छेप्तेन गुरुङ
अमे पल कन्सट्रक्सन प्रा.लि.

AME PAL
CONSTRUCTION PVT. LTD
Kagbeni, Mustang

Date:- 2080-01-05

To

The chief Administrative officer

Varagung Muktichhetra Rural Municipality

Kagbeni 4, Mustang

Dear sir,

This request pertains to our contract for kagbeni sewage disposal. Please be informed that minor changes or adjustment were observed during the actual inventory of the said project.

In this regard, we are respectfully requesting for variation order to include all of the necessary changes, including the decrease of the completion of the project.

It was Consider L*B*H -1.40*1.40* 1.20-3.00m(Varies) in estimate and Contract but due to conjusted area which affects an old houses and it is not able to make as same as design and estimate. So its needs to change into L*B*H-1.10*1.10*1-20m(Varies) after Studying the Site and according to the Locals of Village.

Your attention and favorable consideration will be highly appreciate.

Thankyou.

.............................
Deepak Dev
Sub-Engineer
Ame Pal Construction Pvt. Ltd.

आ.व. २०७९/८० को ४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

AME PAL CONSTRUCTION PVT. LTD Kagbeni, Mustang

# Site inspection report

Date of inspection: 2080/01/05

Inspector: AME PAL Construction Pvt Ltd

Location: Kagbeni-4

## Introduction:

The purpose of this site inspection report is to evaluate the sewage management system in an old building and narrow path located at kagbeni -4. The inspection aims to identify potential issues and assess the effectiveness of the sewage management practices due to the presence of the old building and a narrow path. Unfortunately, the sewage management in the old building is severely hindered and possess significant challenges due to the buildings age and the narrow path leading to the sewage system. After assessing the site and reviewing estimates and drawings, it is evident that working on the sewage management is not feasible under the current conditions .

## Background information:

The building in question is several decades old, and the surrounding area is characterized by a narrow path leading to the sewage infrastructure. These conditions pose unique challenge foe proper sewage management, resulting in potential complications and adverse effects on the environment and public health

## Findings

The old building lacks the necessary infrastructure to support an efficient sewage management system. This deficiency is evident in

AME PAL CONSTRUCTION PVT. LTD Kagbeni, Mustang

AME PAL
CONSTRUCTION PVT. LTD
Kagbeni, Mustang

**Accessibility challenges:**

The narrow path leading to the sewage system creates significant challenges in terms of accessibility and maintenance some key observations. The confined space along the narrow path poses challenges for any significant repair or renovation work. The cramped conditions make it difficult for contractor and maintenance personnel to maneuver, hindering their ability to properly assess or rectify sewage systems problems. This constraint leads to delays in addressing issues, aggravating and situation.

**Lack of Documentation:**

Limited documentation regarding the original sewage system design and construction further complicates any attempted upgrades or repairs. The absence of accurate as- built plans, technical drawings, and specifications makes it difficult to assess the existing systems capacity and identify potential improvements.

**Estimate and drawing implications:**

**Inaccurate estimate:**

The estimates provided for potential sewage systems repairs or upgrades are based on assumptions and broad assessments due to a lack of detailed Information. Without precise knowledge of thew existing infrastructure and the scope of work required, accurate cost estimations become problematic. This uncertainty creates risks of cost overruns and incomplete work.

**Unsupported drawings :**

The available drawings, if any are outdated and no longer representative of the existing infrastructure . these inadequately supported drawings provide limited guidance, making it challenging to plan for nay modifications or enhancements to the sewage management system effectively.

**Building and Infrastructure:s**

Structural integrity : the building structure appears to be in bad condition, with visible sign of significant wear and damage

Electrical systems :

Wiring and electrical installations are not well maintained , such as grounding and circuit breakers , are not properly implemented.

Plumbing systems : The sites plumbing sysrems, including water supply , drainage and sanitary facilities, are not functioning properly and not well – maintained .

Hazards and risk assessment

Trip and fall hazards : the site is regularly inspected to identify and mitigate trip and fall hazards, such as uneven surface , narrow path or misplaced equipment.

Given the challenging conditions outlined in this report, it is evident that addressing sewage management in the old building and narrow path at kagbeni -4 is not feasible at this time. Extensive research, planning, and collaboration with relevant stakeholders are essential to overcome these obstacles and develop an effective solution that meets the building

AME PAL CONSTRUCTION PVT. LTD Kagbeni, Mustang

## गाउँ सर्जमिन मुचुल्का

लिखितम वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, वडा नं. ४, कागबेनी बजार क्षेत्रको पुरानो बस्तीमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाबाट ठेक्का नं. 10/VMRM/NCB/Works/2079/80 बाट ढल व्यवस्थापन निर्माण कार्यको जिम्मेवारी प्राप्त गरेको निर्माण कम्पनी श्री अमे पल कन्स्ट्रक्सन प्रा. लि. ले सो क्षेत्रमा निर्माण कार्य गर्ने क्रममा यहाँका पुराना घर र वस्ती तथा साँघुरा गल्लीहरुको बीचबाट कार्यालय र निर्माण कम्पनी सँग भएको सम्झौता अनुसार ढलको पाईप तथा मेनहोल निर्माण गर्दा तपशिल बमोजिमको अवस्था देखिएको हुँदा सो अनुसारको गाउँ मुचुल्का गरि दियौं।

१. यस क्षेत्रमा रहेका घरहरु धेरै पुराना, जीर्ण र माटोबाट बनेका छन्।
२. घरहरु एक आपसमा जोडिएर बनेका छन्।
३. घरहरुको बीचमा रहेको बाटो (गल्ली) निकै साँघुरा (लगभग ४ फिट) का छन्।
४. कार्यालयले निर्माणको लागि दिएको ड्रइङ तथा डिजाईन अनुसार मेनहोलको अधिकतम निर्माण साईज 6'*6'*9' र न्युनतम निर्माण साईज 4.5'*4.5'*5' भएको पाईयो।
५. कार्यालयले निर्माण कम्पनीलाई दिएको मापदण्ड अनुसार निर्माण कार्य अगाडी बढाउँदा सम्पूर्ण घरहरुलाई नै जोखिम पर्ने देखियो।
६. घर तथा वस्तीलाई नै क्षती पुग्ने गरी विकास निर्माण गर्नु वान्छनीय देखिएन।
७. निर्माण कम्पनी र निर्माणको जिम्मेवारी दिने वारागुङ मुक्तिक्षेत्र गाउँपालिकालाई निर्माण स्थलको भौगोलिक अवस्था अनुसार ड्रइङ र डिजाईनमा परिवर्तन गर्न लगाई ढल व्यवस्थापन निर्माणको कार्य अगाडी बढाउन यो गाउँ सर्जमिन मुचुल्का गरिदियौं।

**गाउँ सर्जमिनमा भएको उपस्थिति:**

| | |
|---|---|
| १. श्री कर्म घ्यचो गुरुङ | वडाध्यक्ष, वडा नं ४, कागबेनी |
| २. श्री मेन्तो गुरुङ | वडा सदस्य, वडा नं ४, कागबेनी |
| ३. श्री धावा धोर्जे गुरुङ | वडा सदस्य, वडा नं ४, कागबेनी |
| ४. श्री गोम्बो ठरी गुरुङ | गाउँ मुखिया, वडा नं ४, कागबेनी |
| ५. श्री टसी धोर्चे गुरुङ | गाउँ मुखिया, वडा नं ४, कागबेनी |
| ६. श्री बाबु गुरुङ | गाउँ मुखिया, वडा नं ४, कागबेनी |
| ७. श्री साङ्मो गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| ८. श्री छिरिङ छेटो गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| ९. श्री सूर्य खत्री | उपभोक्ता, वडा नं ४, कागबेनी |

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | |
|---|---|
| १०. श्री छिरिङ गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| ११. श्री काल्देन गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १२. श्री न्हार्बु छिरिङ गुरुङ | उपभोक्ता, वडा नं ४ कागबेनी |
| १३. श्री मुनु नेपाली | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १४. श्री पासाङ गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १५. श्री छेप्तेन गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १६. श्री कुन्जाङ गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १७. श्री लक्ष्मी गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १८. श्री सोनम फुर्वा गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| १९. श्री काजी गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| २०. श्री आङग्येल बिष्ट | उपभोक्ता, वडा नं ४, कागबेनी |
| २१. श्री पेमा ढोका ठकुरी | उपभोक्ता, वडा नं ४, कागबेनी |
| २२. श्री रिक्साङ गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| २३. श्री छाङढोमा गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |
| २४. श्री डिमा छिरिङ गुरुङ | उपभोक्ता, वडा नं ४, कागबेनी |

ईति सम्वत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम्...............................................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु, मिति: २०८०।०१।०७

बारागुङ मुक्तिक्षेत्र गाँउपालीका कागबेनी,मुस्ताङ।

विषय: स्थलगत प्राविधिक निरिक्षण प्रतिवेदन पेश गरेको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस बारागुङ मुक्तिक्षेत्र गाँउपालिका को आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेट कार्यक्रम अन्तर्गत यस गाँउपालिको वडा नं. ४ मा सञ्चालित कागबेनी ढल निर्माण योजना (ठेक्का नं. 10/VMRM/NCB/Works/2079/80) को स्थलगत प्राविधिक निरिक्षण प्रतिवेदन (Site Inspection Report) यसै पत्र साथ संलग्न रहेको व्यहोरा अनुरोध गर्दछु।

प्राविधिक टोलि

1. पुण्य राज जोशी
2. विकास देव
3. मन बहादुर थापी

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

# स्थलगत प्राविधिक

# निरिक्षण प्रतिवेदन

## कागवेनी ढल निर्माण योजना

(ठेक्का नं.- 10/VMRM/NCB/Works/2079/80)

## स्थलगत प्राविधिक निरिक्षण प्रतिवेदनः कागवेनी ढल

### परिचय

वारागुङ मुक्तिक्षेत्र गाँउपालीका वडा नं.४ स्थित कागवेनी वजार क्षेत्रभित्र पुरानो वस्तिमा निर्माणाधिन अवस्थामा रहेको कागवेनी ढल निर्माण योजनाको यस वारागुङ मुक्तिक्षेत्र गाँउपालिकाको प्राविधिक टोलिले स्थलगत निरिक्षण गर्यो । यो स्थलगत निरिक्षणको मुख्य उद्धेयस्य उक्त स्थानमा वसोवास गर्ने स्थानिय बासी र उक्त निर्माण कार्य गर्न भनि मिति २०७९।११।२३ मा कार्यदेश पाइ कार्य समेत सुचारु गरिसकेको श्री असे पल कन्स्ट्रक्सन प्रा. ली. ले उक्त स्थानमा कार्यालय र निर्माण कम्पनी विच भएको सम्झौता अनुसारको डिजाईन ड्रइङ अनुसार कार्य गर्न नसकिने भनि गाँउ मुचुल्का र निर्माण कम्पनिले स्थलगत निरिक्षण प्रतिवेदन समेत पेश गरि कार्यालयसँग सहयोग माग गरेको हुँदा प्राविधिक टोलि मितिः २०८०।०१।०७ निर्माणस्थमै गएर यो स्थलगत निरिक्षण गर्नु पर्ने देखिएको थियो ।

### विवरण

मिति २०७८।१०।२१ मा निर्माण भइ स्विकृत भएको DPR Report अनुसार मिति २०७९।०८।१७ मा कार्यालयले लागत अनुमान स्वीकृत गरि मिति २०७९।०९।०६ गतेका दिन उक्त निर्माण कार्यका लागी E-Bid मार्फत यस वारागुङ मुक्तिक्षेत्र गाँउपालीकाको कार्यालयले ठेक्का आव्हान गरेको थियो र सार्वजनिक खरिद नियमावली अनुसार मिति २०७९।१०।०९ गतेका दिन उक्त ठेक्का प्रकृया खोलि सबै भन्दा कम अङ्क कबोल गर्ने श्री असे पल कन्स्ट्रक्सन प्रा. ली. ले मिति २०७९।११।२३ गतेका दिन यस कार्यालय सँग उक्त कार्यका लागी सम्झौता गरि यस कार्यालयले उक्त निर्माण कम्पनिलाई कार्यादेश समेत दिएको थियो । यस कार्यालयले कार्यदेश दिए पस्चात कार्य अगाडी वढाउँदै जाने क्रममा कार्यालयले दिएको डिजाइन ड्रईङ अनुसारको Manhole हरु निर्माण गर्न कठिनाइ हुनुका कारणहरु यस प्रकार छन् ।

१. निर्माण क्षेत्रमा रहेका घरहरु धेरै पुराना, जीर्ण र माटोबाट बनेका,
२. सबै घरहरु एक आपसमा जोडिएका,
३. घरहरु विच बाट हिड्ने बाटो निकै साँघुरो रहेको( लगभग ४ फिट),
४. DPR को डिजाइन अनुसार काम गर्न खोज्दा सुरुकै Manhole बाट नै Manhole र पाइपलाइनको स्तर नमिलि तोकिएको ठाँउमा उक्त ढल व्यवस्थापन गर्न नसकिने अवस्था सिर्जना भएको,
५. उक्त DPR अनुसार कार्यालयले निर्माणका लागी दिएको डिजाईन अनुसार Manhole को अधिकतम निर्माण साईज (१.७ मि. *१.७मि. * ३.०१मि.) मिटरको र न्युनतम निर्माण साईज (१.४ मि. *१.४ मि. *१.३ मि.) भएको,
६. सम्झौता अनुसार कार्य अगाडि वढाउन खोज्दा आसपासका घरहरु नै जोखिममा पर्ने अवस्था सृजना भएको,
८. DPR को डिजाइन अनुसार त्यो निर्माण स्थलमा ४ किसिमको विभिन्न साइजका Manhole हरु निर्माण गर्नुपर्ने तर त्यो स्थलमा तोकिए अनुसार निर्माण गर्न नसकिने।

## निष्कर्ष तथा सुझाव

कार्यालय र निर्माण कम्पनि बिच सम्झौता भए बमोजिम डिजाईन ड्इङ अनुसारको कार्यगर्दा त्यहाँका स्थानिय बासिहरुको घर नै भत्किने सम्भावना रहेको देखिन्छ र त्यो डिजाइन अनुसार कार्य गर्दा कागबेनि पुरानो बस्तिमा निर्माण अवस्थामा रहेको ढल काग खोलाको बाँया किनारातिर रहेको मुख्य ढलको लाईनमा नआउने सम्भावना रहेको देखिन्छ। DPR को डिजाइनको अनुसारको कार्य गर्दा अप्ठेरो पर्ने तथा स्थानिय वासीको घरहरुको जग( Foundation/Sub Structure) ले ओगटेको भाग एकिन गर्न नसकिने भएकोले अब निर्माण स्थलमा ठाउँ अनुसार स्थानियको बाधा अवरोध नहुने गरि सुहाँउदो किसिमको संरचना निर्माण गर्नुपर्ने देखिन्छ।

## Site Photographs



फोटो-०१- बाटो साँघुरो भएका कारण डिजाइन अनुसार Manhole र पाइपलाइनको लागि ठाउँ न मिलेको



फोटो-०१- बाटो साँघुरो भएका कारण डिजाइन अनुसार पाइपलाइनको लागि ठाउँ न मिलेको



रिडजीन लामीछाने गुरुङ
अध्यक्ष
घरपाङ मुक्तिनेत्र गाउँपालिका

टेक बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प.स. २०७९।८०
च.नं.

मितिः २०८०।०१।०७

श्रीमान्
प्रमुख प्रशासकीय अधिकृत ज्यू
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कागबेनी, मुस्ताङ।

विषय:- प्राविधिक राय पेश गरेको सम्बन्धमा।

श्रीमान्
प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत "कागबेनी ढल निर्माण योजना"को लागि आर्थिक वर्ष २०७९।०८० को स्विकृत वार्षिक कार्यक्रम अनुसारको खर्च शीर्षक नं. ३११५८ मा गाउँपालिका वाट रु. २५,००,०००।-(अक्षरुपी पच्चिस लाख रुपैया मात्र) वारागुङ मुक्तिक्षेत्र वडा नं.४ वाट रु. १५,००,०००। -(अक्षरुपी पन्द्र लाख रुपैया मात्र) र प्रदेश सरकारको विशेस अनुदान वाट रू. २५,००,०००।- (अक्षरुपी पच्चिस लाख रुपैया मात्र) गरि जम्मा रू. ६५,००,०००।- (अक्षरुपी पैसट्ठी लाख रुपैया मात्र) वजेट विनियोजन भई। मिति २०७९।०९।०६ गते प्रकाशित मुचना ठेक्का नं. 10/VMRM/NCB/WORKS079/80 Procument for Sewage Construction at Kagbeni. को विद्युतिय खरिद प्रणालि वाट पेस भएका आवेदनहरुको आर्थिक तथा प्राविधिक मुल्यांकन गरिएको र सवै भन्दा कम अङ्क कवोल गर्ने श्री अमे पल कन्स्ट्रक्सन प्रा.लि. सँग सम्पुर्ण प्रकृया पुरागरि कार्यालय र उक्त कम्पनी विच मिति २०७९।११।२३ गतेका दिन ठेक्का सम्झौता भई निर्माण कार्य गर्न आदेश समेत दिइ निर्माण कार्य सुचारु गरेमा उक्त निर्माण कम्पनीले सम्झौता वमोजिमको Drawing, Design र Estimate अनुसार निर्माण कार्य गर्दै जानेक्रममा निर्माणस्थल(Construction Site) मा भएको स्थलगत भौगोलिक कठिनाइ जनाई उक्त निर्माण कार्यलाई निरन्तरता दिन नसकिने भनि निर्माण कम्पनीले स्थलगत निरिक्षण प्रतिवेदन (Site Inspection Report) सहित सम्झौता वमोजिमको Drawing, Design र Estimate अनुसार काम गर्न नसकिने भएकोले आवश्यक सहजिकरण गरिदिन अनुरोध गर्दै मिति २०८०/०१/०३ मा यस कार्यालयमा निवेदन दिएको र वडा नं. ४ को कार्यालयवाट गाउँ सर्जमिन मुचुल्का समेत प्राप्तहुन आएकोले माथिका सम्पुर्ण परिवेशलाई अध्ययन गर्दा कार्यालय र निर्माण कम्पनि विच सम्झौता भए वमोजिम डिजाईन ड्इङ अनुसारको कार्यगर्दा त्यहाँका स्थानिय वासिहरुको घर नै भत्किने सम्भावना रहेको, कागवेनि पुरानो वस्तिमा निर्माण अवस्थामा रहेको ढल काग खोलाको वाँया किनारातिर रहेको मुख्य ढलको लाईन संग लेभल नमिल्ने देखिन्छ। साथै स्थानिय वासीको घरहरुको जग( Foundation/Sub Structure) ले ओगटेको भाग एकिन गर्न नसकिने भएकोले Drawing, Design संशोधन गर्न नसकिने भएको हुँदा अव निर्माण स्थलमा ठाउँ अनुसार स्थानिय वासिको घरहरुलाई वाधा नपर्ने गरि उक्त निर्माण कार्यलाई प्राविधिकको प्रत्यक्ष निगरानी र परामर्श अनुसार निर्माण कार्य गर्नुपर्ने देखि प्राविधिक प्रतिवेदन सहित राय पेश गर्दछौ।

| तयार गर्ने | रुजु गर्ने | पेश गर्ने |
|---|---|---|
| नव बहादुर सार्की | विकाश देव | पुष्प राज लामी |
| अ.सव-ईन्जिनियर | अ-सव-ईन्जिनियर | ईन्जिनियर |

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

# निर्माण कार्यलाई निरन्तरता दिनका लागी गाउँ कार्यपालिकाले गरेको निर्णयको प्रतिलिपि:

प्रस्तावहरु:

२०७९/८०-०१० ०१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२०७९/८०-०१० ०२ प्रशासनिक तथा आर्थिक जिम्मेवारी प्रदान गर्नको लागि सिफारिस गर्ने सम्बन्धमा।

२०७९/८०-०१०/०३ यस,आ.व. का लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको कागवेनी ढल निर्माण योजनाको निर्माण कार्यको निरन्तरता सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं २०७९/८०-०१०/०१**

प्रस्ताव नं २०७९/८०-०१०/०१ को प्रस्ताव माथि छलफल गर्दा अघिल्लो मिति २०७९/१२/०७ गतेको कार्यपालिकाको बैठकमा गरिएका निर्णयहरु र त्यसका कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरियो।

**निर्णय नं २०७९/८०-०१०/०२**

प्रस्ताव नं २०७९/८०-०१०/०२ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री जित बहादुर राना को म्याग्दे गाउँपालिका, तनहूँमा सरुवा भई मिति २०७९/१२/२७ गते देखि लागू हुने गरी रमाना पत्र समेत लिई जानु भएकोमा आजको मितिसम्म पनि नयाँ प्रमुख प्रशासकीय अधिकृत नआएको हुँदा यस गाउँपालिकामा कार्यरत बरिष्ठतम् कर्मचारी वरिष्ठ कविराज निरीक्षक(अधिकृत सातौं) श्री जनार्दन आचार्यलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारी सहित प्रमुख प्रशासकीय अधिकृतको कार्य गर्न जिम्मेवारी प्रदान गर्ने र सो जिम्मेवारी स्वीकृतीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं २०७९/८०-०१०/०३**

प्रस्ताव नं २०७९/८०-०१०/०३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ४, कागबेनीमा यस आर्थिक वर्ष को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत ढल निर्माण कार्यको लागि गरिएको DPR अनुसारको Drawing, Design को आधारमा कार्यालयबाट स्वीकृत लागत अनुमान(Cost Estimate) अनुसार आ.व. २०७९/८० को ठेक्का नं. (10/VMRM/NCB/Works/2079/80) को कागवेनी ढल निर्माण कार्यको लागी बोलपत्र आह्वानको माध्यमबाट सम्पूर्ण प्रक्रिया पुरा गरी श्री अमेपल कन्स्ट्रक्सन प्रा.लि., कागवेनी, मुस्ताङसग मिति २०७९/११/२३ मा सम्झौता भई सम्झौताकै मितिमा कार्यादेश दिईएको र उक्त निर्माण कम्पनीले सम्झौता बमोजिमको Drawing, Design र Estimate अनुसार निर्माण कार्य गर्दै जानेक्रममा निर्माणस्थल(Construction site)मा भएको स्थलगत भौगोलिक कठिनाइ जनाई उक्त निर्माण कार्यलाई निरन्तरता दिन नसकिने भनि निर्माण कम्पनीले स्थलगत निरिक्षण प्रतिवेदन (Site Inspection Report) सहित सम्झौता बमोजिमको Drawing, Design र Estimate अनुसार काम गर्न नसकिने भएकोले आवश्यक सहजिकरण गरिदिन अनुरोध गर्दै मिति २०८०/०१/०३ मा यस कार्यालयमा निवेदन दिएकोमा यस कार्यालयले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, वडा नं. ४ को कार्यालयसंग उक्त विषयको सम्बन्धमा थप सोधनी गर्दा वडा नं. ४ को कार्यालयबाट निर्माण कम्पनीसंग भएको सम्झौता अनुसार कागवेनी ढल निर्माण योजनाको कार्यलाई निरन्तरता दिंदा उक्त निर्माण-स्थलका स्थानीयहरुको आवास लगायतका भौतिक संरचनामा क्षती पुग्ने व्यहोराको गाउँ सर्जमिन मुचुल्का वडा नं. ४ को कार्यालयले पेश गरेको र यस कार्यालयबाट पुन गरिएको स्थलगत अध्ययनबाट प्राप्त भएको प्राविधिक प्रतिवेदन अनुसार निर्माण स्थलमा भएका भौतिक संरचनाको जग(Foundation)/ जमिन मुनिको संरचना(Sub structure) को आधार(base level) एकिन गर्न नसकिएको कारण Drawing र Design संशोधन गर्न नसकिने र उक्त निर्माण कार्यलाई प्राविधिकको प्रत्यक्ष निगरानी र परामर्श अनुसार निरन्तरता दिन सकिने भनि यस कार्यालयको प्राविधिक शाखाबाट राय प्राप्त भएको हुँदा कार्यालयबाट खटाईएका प्राविधिकको प्रत्यक्ष निगरानी र परामर्श अनुसार उक्त निर्माण कार्यलाई निरन्तरता दिने गरी आवश्यक कारवाही अगाडी बढाउनका लागी स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २०७९।०८०-०१४।०४**

प्रस्ताव नं. २०७९।०८०-०१४।०३ माथी छलफल चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत घाताङ्थाङ्का सिंचाई निर्माण योजना ठेक्का नं. 09/VMRM/NCB/WORKS079/80 Procurement for the Construction of Ghyatang Thanga अन्तर्गत श्री अमेपल कन्सट्रक्सन र यस कार्यालय विच मिति २०७९/११/२३ मा भएको सम्झौता बमोजिम निर्माण कम्पनीबाट सम्पन्न उक्त निर्माण कार्यको सम्वन्धमा कार्यालयले प्राविधिक शाखा मार्फत गरेको प्राविधिक नाप जाँच तथा मुल्याङ्कन अनुसार कबोल रकम भन्दा रु १२,४३,८२७.४८/- (अक्षरुपी बाह्र लाख त्रीचालीस हजार आठ सय सत्ताईस रुपैयाँ अठ्चालिस पैसा मात्र)/ १६.७२% ले घटि हुन आएकोमा उक्त रकम बराबरको भरियसन स्वीकृत गर्दा उक्त निर्माण योजनाको प्रभावकारीतामा कुनै तात्विक फरक नपर्ने भनी प्राविधिक शाखाबाट राय प्राप्त भएकोले प्राप्त राय अनुसार श्री अमेपल कन्सट्रक्सनले गरेको कबोल रकम भन्दा घटि हुने रकम रु १२,४३,८२७.४८/- (अक्षरुपी बाह्र लाख त्रीचालीस हजार आठ सय सत्ताईस रुपैयाँ अठ्चालिस पैसा मात्र)/१६.७२% बराबरको भेरियसन आदेश स्वीकृत गर्ने र सोही अनुसार भुक्तानीका लागी आवश्यक कारवाही गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २०७९।०८०-०१४।०५**

प्रस्ताव नं. २०७९।०८०-०१३।०५ को प्रस्ताव माथी छलफल गर्दा चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गतको ठेक्का नं. ०1/VMRM/GOODS/AG/2079/80 सम्बन्धि हाते ट्रयाक्टर खरिद प्रक्रिया अन्तर्गत मालसामानको प्राविधिक निरीक्षण/मुल्याङ्कनका लागी नियुक्त गरिएका ईन्डष्ट्रियल ई. श्री विशाल ढुङ्गाना(NEC Regd No 411 Category 'A' issued 20 May 2019) लाई उल्लेखित मूल्याङ्कन प्रयोजनका लागी मिति २०८०।०३।१८ देखी मिति २०८०।०३।२३ सम्म जम्मा ६ दिन मालसामानको निरिक्षण काममा खटाए वापत नेपाल सरकार, अधिकृत छैटौं तहले पाउने बराबरको दैनिक/भ्रमण भत्ता भुक्तानी दिनका लागी आवश्यक कारवाही गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं. २०७९।०८०-०१४।०६</u>

प्रस्ताव नं. २०७९।०८०-०१४।०६ माथी छलफल गर्दा *दलित स्ततोन्ती कार्यक्रम वडा नं. ३* आ.व. २०७९।०८० को वार्षिक स्विकृत कार्यक्रममा भएतापनी विवध प्राविधीक कारणले गर्दा खर्च लेखाङकन गर्ने क्रममा उक्त खर्च शिर्षक नभेटिएकोले उक्त योजनाको भुक्तानी तेताङ मुक्तिनाथ मोटरबाटो निर्माण योजना (80441504101) बाट खर्च लेखाङकन गरी भुक्तानी दिनका लागी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं. २०७९।०८०-०१४।०७</u>

प्रस्ताव नं. २०७९।८०-०१४।०७ माथी छलफल गर्दा यस वारागुङ मुक्तिक्षेत्र गाउँकार्यपालिकाको मिति २०७९।१२।०७ गतेको निर्णयानुसार आ.व. २०७९।०८० को वार्षिक स्विकृत कार्यक्रममा रहेको *शाङ्ता गाउँमा सोलार राख्ने योजना*का लागी विनियोजित बजेट रकम रु २५,००,०००/- (अक्षरुपी पच्चीस लाख रुपैयाँ) बाट *साङ्ता सोलार मिनिग्रिड पावर हाउस निर्माण योजना*मा रु. ८ लाख रकमान्तर गरिएकोमा प्राविधीक कारणवश उक्त शिर्षकबाट खर्च लेखाङ्कन गर्न नमिलेकोले उक्त योजनाको खर्च *तेताङ मुक्तिनाथ मोटरबाटो निर्माण योजना* (80441504101) शिर्षकबाट बाट लेखाङ्कन गरी भुक्तानी गर्नका लागी आवश्यक कारवाही गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. २०७९।०८०-०१४।०८</u>

प्रस्ताव नं. २०७९/०८०-०१४।०८ माथी छलफल २०७९।०८०-०१४।०८ माथी छलफल चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत घाताङथाङ्का सिंचाई निर्माण योजना ठेक्का नं. 07/VMRM/NCB/WORKS079/80 The Procurement of Construction of Jananarmal School Hostel Building अन्तर्गत श्री एस एन एस कन्सट्रक्सन प्रा.लि. र यस कार्यालय विच मिति २०७९/११/२५ मा भएको सम्झौता वमोजिम निर्माण कम्पनीवाट सम्पन्न उक्त निर्माण कार्यको सम्बन्धमा कार्यालयको प्राविधिक शाखा मार्फते प्राप्त राय अनुसार सम्झौता वमोजिमको स्वीकृत BOQ मा बीमको लागी [illegible] फर्माको परिमाण ८७९.४९ वर्ग मि. भएको तर निर्माण स्थलमा सो परिमाण १[illegible] वर्ग मि. मात्र प्रयोग हुने देखिएकोले उक्त परिमाणमा घटि हुन

आएको कारण उक्त निर्माण कार्यका लागी जम्मा कबोल रकम भन्दा घटि हुन आउने रकम रु ४,११,२२८/- (अक्षरुपी चार लाख एघार हजार दुई सय अठ्ठाईस रुपैयाँ मात्र) बराबरको भेरियसन आदेश(vo) स्वीकृत गर्ने साथै सोहि अनुसार भुक्तानी दिनका लागी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपशिलः

आ.व.२०७९/८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

# एस एण्ड एस कन्ट्रक्सन प्रा.लि.

# YES AND YES CONSTRUCTION PVT. LTD.

कास्की

PAN 610354689
REGD. NO 071/079/080

पत्र संख्या: २०७९/८०
चलानी नं:

मिति २०८०/०२/०५

श्रीमान कार्यालय प्रमुख ज्यू
वरा गुड मुक्तिक्षेत्र गा.पा.
मुस्ताङ, धवलागिरी

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका
दर्ता नं.: ८०३
मिति: २०८०/०३/०५

विषय: इस्टीमेट परिवर्तन गरिदिने बारे।

उपरोक्त विषयमा सम्बन्धमा यस बारागुङ मुक्तिक्षेत्र गा.पा बाट यसै वडा २ कुन्साङ मा श्री जनमल मा.वि ठेक्का नं 07/VMRM/NCB/WORKS/2079/80 construction of Janamal School Hostel Building बनाउने क्रममा विभिन्न कारण यस इस्टीमेट बमोजिमको कार्य भन्दा फिल्ड मा काम गरेको ले गर्दा इस्टीमेट चेन्ज गरिदिनु हुन अनुरोध का साथ निवेदन पेश गर्दछु।

निवेदक

छिरिङ गोम्पु गुरुङ

Yes and Yes Construction Pvt. Ltd. Kaski

9856011803
yesandyesconstruction@gmail.com

# Varagung Muktichettra Rural Municipality

Office of the Rural Municipality Executive

Kagbeni

## Detailed Estimate for Variation Order

F/Y:- 2079/80

**Name of the Project : Jannarmal Aadharbhut Vidyalaya, Chhusang, Mustang (Hostel Block)**

**Location:-Varagung Muktichettra Gaupalika, Ward No -3, Chhusang , Mustang**

| S. No. | Description of work | Nos. | Length | Breadth | Height | Quantity | Units | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Form work for Beam including making Joining and removing from Beam, height upto 0.30m | 8 | 36.70 | | 0.35 | 102.76 | | |
| | | 24 | 10.88 | | 0.35 | 91.35 | | |
| | | | | | Total | 194.11 | Sqm | |
| | | | | | BOQ | 879.49 | Sqm | |
| | | | | | V.O. in quantity | -685.38 | Sqm | |
| | | | | | V.O. in Amount | -411,228.00 | | -10.8% |

Prepared by

Checked by

Approved by

**निर्णय नं. २०७९।०८०-०१४।०९**

प्रस्ताव नं. २०७९।०८०-०१४।०९ माथी छलफल गर्दा चालु आ.व. २०७९।८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम (संघीय सशर्त) *'नवीकरणीय उर्जा प्रविधि जडान(वायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) '* कार्यक्रम अन्तर्गत निम्नानुसारको स्पेसिफिकेशन भएको सोर्य वत्ति खरिद गरि तपशिल वमोजिमको गाउँघरमा अवस्थित समाजघरमा जडान गर्नको लागी खरिद गरी वितरण गर्नका लागी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | संख्या | स्पेसिफिकेशन | जडान गरिने वडा नं. | गाउँको नाम | जडान गरिने समाजघर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ थान | व्याट्री १५०१ mp 12 V<br>प्यानल २०० w 24 v<br>ईन्भटर १५०० va | १ | झारकोट | झारकोट समाजघर | |
| २ | १ थान | व्याट्री १५०१ mp 12 V<br>प्यानल २०० w 24 v<br>ईन्भटर १५०० va | २ | झोङ | झोङ समाजघर | |
| ३ | १ थान | व्याट्री १५०१ mp 12 V<br>प्यानल २०० w 24 v<br>ईन्भटर १५०० va | ३ | चैले | चैले समाज घर | |
| ४ | १ थान | व्याट्री १५०१ mp 12 V<br>प्यानल २०० w 24 v<br>ईन्भटर १५०० va | ३ | ताङ्वे | ताङ्वे समाजघर | |
| ५ | १ थान | व्याट्री १५०१ mp 12 V<br>प्यानल २०० w 24 v<br>ईन्भटर १५०० va | ४ | तिरी | तिरी समाजघर | |
| ६ | १ थान | व्याट्री १५०१ mp 12 V<br>प्यानल २०० w 24 v<br>ईन्भटर १५०० va | ५ | ढाकर्जुङ | ढाकर्जुङ समाजघर | |

निर्णय नं. २०७९।०८०-०१४।१०

प्रस्ताव नं. २०७९।०८०-०१४।१० को प्रस्ताव माथी छलफल गर्दा चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत तपशिल वमोजिमको योजनाहरुको प्रचलित खरिद नियमावली खरिद प्रक्रिया पुरा गरि परामर्शदाताबाट पेश भई आएको तपशिल अनुसार डि.पि.आर., आवधिक योजना र आई.ई.ई प्रतिवेदन वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्राविधिक शाखाको राय अनुसार स्वीकृत गरि भुक्तानीका लागी गाउँ कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

| क्र.सं. | निर्माणकर्ता/परामर्शदाता | परामर्श सेवाको विवरण | कैफियत |
|---|---|---|---|
| १ | एब्नी ईन्जीनियरिङ सोलुसन एण्ड कन्सट्रक्सन प्रा.लि. | रानीपौवा ढल व्यवस्थापनको बिस्तृत अध्ययन प्रतिवेदन | |
| २ | नभ्या टेक्नोलोजी प्रा.ली. | टयाङ्कर घ्यू खोला मोटरेवल पुल डि.पि.आर. | |
| ३ | नारायणी ट्रेनिङ एण्ड ईन्जीनियरिङ प्रा.ली | वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको मध्यमकालिन खर्च संरचना(MTEF) | |
| ४ | डि.वी. कन्सल्टेन्ट प्रा.ली. | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति, २०७९ | |
| ५ | हेलीयस ईन्जीनियरिङ सर्भिस प्रा.ली. | साङ्ता सोलार मिनिग्रेड र रानीपौवा सौर्य सडक वत्ती डि.पि.आर. | |
| ६ | स्ट्रेन्थ ईन्जीनीयरिङ प्रा.ली. | प्रथम आवधिक योजना(२०८०/८१-२०८५/८६) | |
| ७ | एब्नी ईन्जीनियरिङ सोलुसन एण्ड कन्सट्रक्सन प्रा.लि. | तेताङ-झोङ मोटरबाटोको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | |

निर्णय नं. २०७९।०८०-०१४।११

प्रस्ताव नं. २०७९/०८०-०१४।११ माथी छलफल गर्दा कार्यपालिकाको १४ औं बैठक माथी उल्लेखित निर्णयका साथ यस आ.व. को कार्यपालिकाको १५ औं बैठकको लागी मिति, समय, र स्थान अध्यक्ष ज्यूको निर्देशानुसार पछि निर्धारण गर्ने गरि आजको कार्यपालिकाको बैठक सौहार्दपुर्ण वातावरणमा समापन गरियो।

*इति संवत् २०८० साल असार ७ गते रोज ५ शुभम्।*

आ.व. २०७९।८० को १५ औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १९ औं कार्यपालिकाका बैठकको प्रस्तावित कार्यसूचिहरु:

बैठक संख्या: २०७९।०८०-०१५
मिति: २०८०।०३।०९ गते शनिबार।
समय: विहानको ११:०० बजे

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरु:

२०७९।०८०-०१५।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२०७९।०८०-०१५।०२ आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२०७९।०८०-०१५।०३ बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त बजेट तथा कार्यक्रम सम्बन्धमा।

२०७९।०८०-०१५।०४ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक विधेयक,२०८० सम्बन्धमा। आर्थिक विधेयक, २०७९ सम्बन्धमा।

२०७९।०८०-०१५।०५ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन विधेयक,२०८० सम्बन्धमा।

२०७९।०८०-०१५।०६ वारागुङ मुक्तिक्षेत्र गाउँ सभाको १७औं अधिवेशनको कार्यसूची सम्बन्धमा।

२०७९।०८०-०१५।०७ विविध सम्बन्धमा।

रिङजीत [illegible] गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

आ.व. २०७९।८० को १५ औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १९ औं कार्यपालिकाका बैठकको प्रस्तावित कार्यसूचिहरु:

बैठक संख्या: २०७९।०८०-०१५
मिति: २०८०।०३।०९ गते शनिबार।
समय: विहानको ११:०० बजे

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरु:

२०७९।०८०-०१५।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२०७९।०८०-०१५।०२ आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२०७९।०८०-०१५।०३ बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त बजेट तथा कार्यक्रम सम्बन्धमा।

२०७९।०८०-०१५।०४ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक विधेयक,२०८० सम्बन्धमा। आर्थिक विधेयक, २०७९ सम्बन्धमा।

२०७९।०८०-०१५।०५ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन विधेयक,२०८० सम्बन्धमा।

२०७९।०८०-०१५।०६ वारागुङ मुक्तिक्षेत्र गाउँ सभाको १७औं अधिवेशनको कार्यसूची सम्बन्धमा।

२०७९।०८०-०१५।०७ विविध सम्बन्धमा।

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत